**निर्णय नं १,**

प्रस्ताव नं १ माथि छलफल गर्दा यस कार्यालयको वार्षिक कार्यक्रम अन्तरगत सशर्त बजेट शिर्षकमा प्राप्त बैकल्पिक उर्जा प्रवर्द्धनको लागि विभिन्न उपशिर्षकमा प्राप्त जम्मा रु.८६५,०००। बजेटबाट उर्जा,जलस्रोत तथा सिचाई मन्त्रालयबाट प्राप्त **"स्थानीय तहका लागि नविकरणीय उर्जा कार्यक्रमहरु कार्यान्वयनका लागि मार्गदर्शन"** बमोजिम वडा नं. १ मा सुधारिएको चुल्हो निर्माण वितरणको लागि रु १ लाख बजेट विनियोजन गर्ने र बाँकी अन्य उपशिर्षकको बजेटबाट दुर्गम क्षेत्रका अति विपन्न वर्गलाई प्रति घर परिवार ५० वाटको सोलार बत्ती जडान गर्ने निर्णय भएकोमा सुधारिएको चुलो बनाउने कार्य नहुने अवस्था भएकोले सो बजेट समेतको सोलार बत्ति खरिद तथा जडान गर्ने निर्णय गरियो ।

**निर्णय नं २,**

प्रस्ताव नं. २ माथि छलफल गर्दा त्रिवेणी गाउँपालिकाको आ.व.२०७६।७७ को नीति तथा कार्यक्रम र वार्षिक आय व्यव विवरण सम्बन्धी विषयमा छलफल गर्न पाँचौ गाउँसभाको बैठक मिति २०७६ साल आषाढ १० गते दिनको ११ बजे लुहाममा बस्ने निर्णय गरियो ।

**निर्णय नं ३,**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस शंखमुल ग्रामिण विद्युतिकरण एवं वितरण सामुदायिक संस्था,छत्रेश्वरी सल्यानको पहलमा सामुदायिक ग्रामिण विद्युतिकरण विभागबाट छत्रेश्वरी र त्रिवेणी गाउँपालिकामा विद्युतिकरणको लागि रु.१३,४९,२२,३२८।७२ को बजेट स्वीकृत भएको र सो को लागत सहभागिता वापत त्रिवेणी गाउँपालिकाको तर्फबाट यस गाउँपालिका क्षेत्रमा हुने विद्युतिकरणको लागि मिति २०७५।११।३० को कार्यपालिकाको बैठकबाट रु.६५,००,०००। बजेट ग्रामिण विद्युतिकरण विभागको खातामा जम्मा गर्ने गरी निर्णय भएकोमा उक्त शंखमुल संस्थाको मिति २०७६।२।२१ को पत्रबाट छत्रेश्वरी गाउँपालिकाको तर्फबाट लागत सहभागिता वापतको रकम नव्यहोर्ने निर्णय भएकोले विभागबाट विद्युतिकरणको लागि माथि उल्लेखित स्वीकृत रकमको सम्पूण काम त्रिवेणी गाउँपालिकामा मात्र हुने गरी ठेक्का प्रक्रियामा जान स्वीकृत बजेटको १० प्रतिशत लागत सहभागिताको रु.१,३४,९२,२३२।८७ रकम मध्य त्रिवेणी गाउँपालिकाले रु.६५ लाख विभागको खातामा जम्मा गर्ने,संस्था र विभागविचमा सम्झौताको लागि आवश्यक ७.५ प्रतिशत पुग्न आवश्यक रकम संस्थाको तर्फबाट जम्मा गर्ने र संस्था र विभाग विचमा सम्झौता पश्चात ठेक्का प्रक्रियामा जान १० प्रतिशत लागत सहभागिताको लागि अपुग २.५ प्रतिशत रकम गाउँपालिकाको तर्फबाट जम्मा गर्ने र ठेक्का प्रक्रिापछि काम हुनुभन्दा पहिला हुने प्रिकन्ट्रक्शन सर्भेबाट भएको हिसावको आधारमा संस्थाको तर्फबाट अग्रीम जम्मा गरेको रकम संस्थालाई सोधभर्ना गनुपर्ने भनि संस्थाको निर्णय सहित लेखि आएकोले सो अनुसार यस कार्यालयको मिति २०७६।२।२४ को निर्णयानुसार संस्थासंग भएको कार्यसम्पादन सम्झौता कार्यपालिकाबाट अनुमोदन हुनेगरी संस्थासंग सम्झौता भई उल्लेखित ६५ लाख रकम विभागको ज्योति विकास बैंक काठमाण्डौंमा रहेको खाता नं ००१००१००००४९१००००००१ मा जम्मा गरिएको । सो सम्बन्धमा स्वीकृत रकमबाट शंखमूल ग्रामिण सामुदायिक विद्युतिकरण एवं वितरण सामुदायिक संस्था र सामुदायिक ग्रामिण विद्युतिकरण विभाग बालाजु,काठमाण्डौं विचमा त्रिवेणी गाउँपालिकाको वडा नं १-६ सम्म विद्युतिकरण गर्ने गरी भएको सम्झौताको प्रति सहित स्वीकृत विद्युतिकरण योजनालाई ठेक्का प्रक्रियमा लग्न लागत सहभागिता वापतको जम्मा गर्न बाँकी २.५ प्रतिशतले हुने रकम रु.३३,७३,०५७।८७ विभागको खातामा जम्मा गरी सहयोग गरिदिनुहुन भनि संस्थाको निर्णय सहित मिति २०७६।३।३ को पत्रबाट लेखि आएकोले सो अनुसार उक्त संस्थासंग विद्युतिकरणको लागि भएको दुबै सम्झौता अनुमोदन गर्ने र लागत सहभागिता वापतको बाँकी रकम जम्मा गरिदिने निर्णय गरियो ।